# प्रेस विज्ञप्ती

भाद्र १५, २०७७

## सिद्धार्थ बैंकको ग्रीन पिन प्रविधि

सिद्धार्थ बैंक लिमिटेडले २०७७ भाद्र १५ गते देखि बैंकिङ्ग सेवा अझ बढी प्रभावकारी एवं वातावरण मैत्री बनाउने उद्देश्यले कार्डको पिन कोड प्राप्त गर्नका लागि ग्रीन पिन सेवा सुचारु गरेको छ । यस सुविधा संचालन पश्चात् बैंकका ग्राहकहरुले डेबिट र क्रेडिट कार्डको ग्रीन पिन सोझै आफ्नो मोबाईल नम्बरमा प्राप्त गरी कार्डको पिन निर्धारण गर्न सक्नुहुनेछ ।

ग्राहकहरुले आफ्नो नयाँ कार्डको पिन सिद्धार्थ बैंकको कुनै पनि ATM वा NEPS सदस्य रहेका केहि बैंकहरुको एटिएमबाट निर्धारण गर्न सक्नुहुनेछ । यसरी पिन निर्धारण गर्न एटिएममा कार्ड राखेपछि ग्राहकहरुलाई बैंकमा रजिष्टर्ड आफ्नो मोबाईल नम्बरमा एसएमएस मार्फत ग्रीन पिन आउने छ । प्राप्त ग्रीन पिन ग्राहकहरुले एटिएममा राखी आफ्नो नयाँ पिन नम्बर निर्धारण गर्न सक्नुहुनेछ । पिन सफलतापूर्वक परिवर्तन भएपछि, कार्ड सक्रिय हुनेछ र यस पश्चात् ग्राहकहरुले आफ्नो कार्ड ATM, POS मेसिन तथा अनलाईन कारोबारमा सजिलै प्रयोग गर्न सक्नुका साथसाथै अन्य बैंकका ATM हरुमा पनि बिना कुनै अतिरिक्त शुल्क प्रयोग गर्न सक्नुहुनेछ ।

बैंकले ल्याएको यस सुविधाले ग्राहक महानुभावहरुलाई सहज सेवा उपलब्ध हुने, कार्ड वितरण र सक्रिय प्रक्रियामा लाग्ने समयको बचत हुने र केहि हद सम्म भएपनि कागजको प्रयोग कम गरी वातावरण मैत्री बैंकिङ्ग सेवा उपलब्ध हुने विश्वास बैंकले लिएको छ ।